Email: ito.mahabharatmun@gmail.com

# महाभारत गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देविटार, काभ्रेपलाञ्चोक
स्था. २०७३

बागमती प्रदेश नेपाल

पत्र संख्या :- ०७७/७८ च. नं :-

मिति : २०७७-०५-०३

## सूचना । सूचना ।। सूचना ।।।

विश्वमा महामारीको रुपमा फैलिएको नोबेल कोरोना भाईरस (कोभिड-१९) संक्रमितहरुको संख्या हाल काभ्रे जिल्लामा बढ्दै गएको अवस्थामा उक्त कोरोना भाईरस संक्रमणको जोखिम यस गाउँपालिका क्षेत्रमा पनि हुन सक्ने अवस्थालाई मध्य नजर गर्दै आज मिति २०७७-०५-०३ गते देखी अर्को सूचना प्रकाशित नभए सम्मको लागी यस गाउँपालिका तथा गाउँपालिका मातहतका कार्यालयबाट ( स्वास्थ्य संस्था बाहेक ) प्रदान हुने अति आवश्यक बाहेक सम्पुर्ण सेवा बन्द गरिएको व्यहोरा अनुरोध छ । साथै तपसिल बमोजिमको कार्य गर्न गराउन हुन यस गाउँपालिका बासीहरुमा अनुरोध छ ।

- आवतजावत कार्य गर्दा नेपाल सरकारबाट जारी भएका सम्पुर्ण स्वास्थ्य सम्बन्धि सुरक्षा अपनाई आवतजावत गर्ने ।
- दैनिक उपभोग्य सामानका पसलहरु दैनिक बिहान ७ देखी ९ बजेसम्म तथा बेलुका ४ बजे देखी ६ बजेसम्म मात्र संचालन गर्ने ।
- गाउँपालिका क्षेत्र भित्र कुनै प्रकारको सभा , सम्मेलन , गोष्टी , बैठक , सेमिनार ,धार्मिक सम्मेलन जस्ता जमघट तथा भिडभाड हुने कार्य नगर्ने ।
- अति आवश्यक काम बाहेक घर बाहिर ननिस्कनु हुन तथा बाहिर निस्कनु परेमा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने तथा सामाजिक दुरी कायम गर्ने ।
- यदी कोही नया व्यक्ती गाउँटोलमा देखिएमा , सम्बन्धित वडा कार्यालयमा तुरुन्त सम्पर्क गर्ने गराउने ।

कान्छालाल जिम्वा
अध्यक्ष